म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १०० मंगलबार ६ मंसिर २०७९ ने. सं. ११४३ कछलागा 22 November, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**एड्स तथा यौन रोगबाट बच्न र बचाउन**

- सुरक्षित यौन सम्पर्क गरौं।
- यौन सम्पर्क गर्दा कण्डमको प्रयोग गरौं।
- जीवाणुरहित सुईको मात्र प्रयोग गरौं।
- एच.आई.भि. नियमित परीक्षण गरौं ।
- यौन रोगको लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# मकवानपुर-२: जहाँ कहिल्यै गैरकम्युनिष्टले जितेनन्

साझाकुरा संवाददाता

हेटौंडा, ५ मंसिर/ मकवानपुर-२ निर्वाचन क्षेत्र जिल्लाको हेटौंडा हुँदै पश्चिमी क्षेत्रदेखि, उत्तरी क्षेत्रमा राजधानी काठमाडौंसँग सीमाना जोडिएको र दक्षिणमा मकवानपुरगढी गाउँपालिकासम्म पर्छ ।

जनसंख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्दा २ नम्बर क्षेत्रमा हेटौंडाका १, ३, ११ र १९ वडा, मकवानपुरगढीको ५, ६, ७ र ८ नम्बर वडा, मनहरी, राक्सिराङ, कैलाश, थाहा नगरपालिका, इन्द्रसरोबर र भीमफेदी गाउँपालिका समेटिएको छ । गरिबीको चपेटामा बाँच्दै आएका लोपन्मुख जाती वनकरिया, सिमान्तकृत चेपाङदेखि, तामाङ, क्षेत्री र बाहुनहरुको बाक्लो बसोबास रहेको यस क्षेत्र पुर्वाधार सँगै जनताको आधारभूत आवश्यकताको विकासमा पछाडि छ । स्वास्थ्य, शिक्षा यस क्षेत्रमा अझै समस्या बनिरहेको छ ।

पूर्व-पश्चिम राजमार्ग, त्रिभुवन राजपथ, पुरानो जलविद्युत आयोजना कुलेखानी र मानवनिर्मित सबैभन्दा ठूलो जलाशय इन्द्रसरोवर, जिल्लाको प्रमुख पर्यटकीय गन्तव्यदेखि काठमाडौं उपत्यकामा तरकारी निर्यातमा प्रमुख भूमिका खेलेको पालुङ क्षेत्र, सम्भावित सुरुङमार्ग आयोजना, काठमाडौं-तराई द्रुतमार्ग पनि यही क्षेत्रमा पर्छ । देशका ठूला विकास परियोजनासँगै कृषि र पर्यटन क्षेत्रमा प्रचुर सम्भावना बोकेको प्रतिनिधिसभा क्षेत्र नम्बर २ ले आइतबार भएको निर्वाचनबाट नयाँ प्रतिनिधि पाउँदैछ । निर्वाचनमा गठबन्धनबाट नेकपा (एकीकृत समाजवादी)का विरोध खतिवडा, एमालेका महेश बर्तौला, राष्ट्रिय स्वतन्त्र पार्टीका भरत पराजुली र राप्रपाका राजन मैनालीलगायत १० जना उम्मेदवार थिए ।

जसमध्ये सोमबारदेखि सुरु मतगणनाअनुसार खतिवडा, बर्तौला र पराजुली प्रमुख प्रतिस्पर्धीका रुपमा देखिएका छन् । यस क्षेत्रबाट कम्युनिष्टहरुको लामो समयदेखि बिरासत छ । जहाँ ०४६ सालको बहुदल स्थापना अघि र पछि पनि गैरकम्युनिष्टहरुले जित्न सकेनन् । कम्युनिष्टहरुको दबदबा आजदेखिको हैन् । २ नम्बर क्षेत्रमा हालसम्म कम्युनिष्ट उम्मेदवारहरुलाई काउन्टर दिनसक्ने उम्मेदवार पनि थिएनन् । जसकारण मतपरिणामको सुरुवाती अवस्थालाई हेर्दा २ नम्बर क्षेत्रबाट पुन: कम्युनिष्ट उम्मेदवार नै आउने निश्चित प्राय: छ । २ नम्बर क्षेत्र कम्युनिस्टहरुको 'महागढ'का रुपमा परिचित छ । कांग्रेस सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीनाले मात्रै




यहाँ ३ पटक कम्युनिष्ट उम्मेदवारसँग हारिन् । जसकारण उनले हालसम्म प्रत्यक्ष निर्वाचित हुने अबसरसमेत पाएकी छैनन् । यस निर्वाचनमा भने डीनाले निर्वाचन क्षेत्र परिवर्तन गरी १ नम्बरबाट उठेकी छन् ।

२ नम्बर क्षेत्रमा कम्युनिष्टहरु निरन्तर विजय हुनुमा रुपचन्द्र विष्ट (रुदाने)को प्रभाव हो । थाहा अर्थात मान्छेमा चेतना जनाउने अभियान चलाएका रुपचन्द्र विष्टले २ नम्बर क्षेत्रको थाहा नगरपालिकामा राजनीति गर्थे । रुदाने अर्थात रुपचन्द्र-दामन-नेपाल । दामनमा क्षेत्रमा थाहा अभियान चलाएका रुपचन्द्रले आफूलाई रुदाने भनेर चिनाउँथे । जनमुखी नेताका रुपमा परिचित रुपचन्द्रले २०२९/०३० सालतिरबाट दामन क्षेत्रमा थाहा आन्दोलन सुरु गरेका हुन् । 'चेतनाहीन नागरिकको चेतनासम्पन्न नागरिकमा रुपान्तणमार्फत राजनीतिक र सामाजिक जागरण नै थाहा आन्दोलन थियो,' थाहा नगरपालिकाको पूर्वप्रमख लवशेर विष्टले भने ।

'जातभन्दा जनता, नाताभन्दा न्याय र स्वास्थ्यभन्दा सत्य ठूलो हो' भन्ने स्व. विष्टले आर्दश छोडेका थिए । उनी क्रान्तिकारी थिए । रुपचन्द्रले आफूलाई कम्युनिस्ट नेताका रुपमा चिनाउने गरेको लवशेरले बताए । २०३८ सालको निर्वाचनमा तत्कालीन मालेले पञ्चायतीहरुसँग मिलेर जनपक्षीय उम्मेदवार उठाएपछि रुपचन्द्रले पनि आफू जनमुखी उम्मेदवार भएको भन्दै निर्वाचन लडेका थिए । उनले निर्वाचन जिते । निरंकुश पञ्चायती शासनको जग हल्लाउने विष्ट थिए । मकवानपुरको वामपन्थी विरासत रुपचन्दको थियो ।

रुपचन्द्रले छोडेको छापकै कारण हालसम्म पनि प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा कम्युनिष्ट नेताहरुको रजगज छ । रुपचन्द्रलाई सबैले अति विश्वास गर्थे । महिलामाथि हुने हिंसा, लुटपाट, ठगी, कामचोरहरुविरुद्ध उनले अप्रेसन नै चलाउँथे । २०४६ मा दलीय व्यवस्था सुरु भएपछि रुपचन्द्रकै विरासतमा बढ्दो कम्युनिष्टप्रतिको लोकप्रियताले हालसम्म पनि रुपचन्द्रको क्षेत्रमा गैर कम्युनिस्टहरुको प्रवेश भएको छैन । रुपचन्द्रलाई हेरेर जनताले कम्युनिस्टप्रति विश्वास गर्ने गरेकाले कम्युनिष्टहरु निरन्तर जित्दै आएको थाहाका पूर्वप्रमुख लवशेर बताउँछन् ।

२ नम्बर क्षेत्रमा जनआन्दोलन २०४६ बाट प्रजातन्त्र पुन:स्थापना भएपश्चातका सबै निर्वाचन कम्युनिस्टले मात्रै जितेका छन् । २०४८ को आमनिर्वाचन, २०५१ को मध्यावधि र २०५६ को आमनिर्वाचनमा जिल्लामा तीनवटा निर्वाचन क्षेत्र थिए । जसमध्ये २ र ३ नम्बर क्षेत्र हालको प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा पर्छ । २०४८ सालको आमनिर्वाचनमा कांग्रेसका उम्मेदवारहरुलाई हराउँदै तत्कालीन २ नम्बर क्षेत्रबाट विरोध खतिवडा र ३ नम्बर क्षेत्रबाट हिरण्यलाल श्रेष्ठ विजयी भए । नेपाली कांग्रेस नेतृत्वको सरकार ढलेका कारण राजा वीरेन्द्रले नयाँ चुनावको घोषणा गरेपछि २०५१ कात्तिक २९ मा भएको प्रतिनिधिसभाको मध्यावधि निर्वाचनमा पनि २ नम्बर क्षेत्रबाट खतिवडा र श्रेष्ठ नै विजयी भए ।

२०५६ को आमनिर्वाचनमा २ नम्बर क्षेत्रबाट उनै खतिवडा विजयी भए भने ३ नम्बर क्षेत्रबाट स्वर्गीय बिरबहादुर लामा निर्वाचित भएका थिए । २०४८, २०५१ र २०५६ मा भएको निर्वाचन जितेका खतिवडा, श्रेष्ठ र लामा तीनै जना नेकपा -एमालेका थिए । २८ चैत २०६४ सालको संविधानसभा निर्वाचनमा भने जिल्लाका चारवटै निर्वाचन क्षेत्रबाट नेकपा माओवादी केन्द्रका उम्मेदवार विजयी भए । ०६४ को राजनीतिक परिवर्तनले पनि यस क्षेत्रमा कम्युनिष्ट उम्मेदवारहरुको अपराजित यात्रा रोक्न सकेन् ।

तत्कालीन २ र ४ नम्बर क्षेत्र हालको प्रतिनिधिसभा क्षेत्र नम्बर २ भित्र थिए । २०६४ मा २ नम्बर क्षेत्रबाट प्रेमबहादुर पुलामी र ४ नम्बर क्षेत्रबाट कुमारी मोक्तान विजयी भएका थिए । २०७० सालमा भएको पुन:संविधानसभा निर्वाचनमा भने चारवटै निर्वाचन क्षेत्रमा नेकपा माओवादी केन्द्रका उम्मेदवार पराजित बन्न पुगे । त्यतिबेला २ नम्बर क्षेत्रबाट सुभाषचन्द्र ठकुरी र ४ नम्बर क्षेत्रबाट राजाराम स्याङतान निर्वाचित भएका थिए । ठकुरी र स्याङतान एमालेका अर्थात कम्युनिष्ट उम्मेदवार थिए । २०७० सालकै निर्वाचन हो, जहाँबाट इन्द्रबहादुर बानियाँले चुनाव जितेर मकवानपुरको इतिहासमै पहिलो पटक कांग्रेसले खाता खोलेको थियो ।

२ नम्बर क्षेत्रबाट २०७० सालकै निर्वाचनमा नेकपा माओवादी केन्द्रका उपाध्यक्ष नारायणकाजी श्रेष्ठसमेत पराजित भए । ०७० मा पुन: संविधानसभाको निर्वाचन हुँदा मकुवानपुर-२ बाट उम्मेदवार बनेका श्रेष्ठ तत्कालीन एमाले उम्मेदवार सुवासचन्द्र ठकुरीसँग पराजित भएका हुन् । संघीयता कार्यान्वयनसँगै २०७४ सालको प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा एमालेबाट विरोध खतिवडा पुन: विजयी भएका थिए । खतिवडा हाल एमालेबाट विभाजित नेकपा (एकीकृत समाजवादी)को स्थायी कमिटी सदस्य तथा यस निर्वाचनको गठबन्धनबाट उम्मेदवा समेत हुन् ।

नेपाली कांग्रेस सहमहामन्त्री 'डीना' पनि २०७४ को प्रतिनिधिसभा निर्वाचनमा खतिवडासँग पराजित भएकी थिइन् । १ नम्बर क्षेत्रबाट कमल थापालाई हराउँदै एमालेकै कृष्ण दहाल निर्वाचित भएर संसद छिरेका थिए । संघीय निर्वाचनमा हालको प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा गैरकम्युनिस्ट उम्मेदवारहरुले निर्वाचन जितेका छैनन् । २ नम्बर क्षेत्रमा कम्युनिस्टबाहेकका नेताहरुले हालसम्म नजितेको माओवादी केन्द्र बागमती प्रदेश कमिटी सदस्य तथा थाहा नगरका निवर्तमान प्रमुख लवशेर विष्टले बताए । अहिलेसम्म एमाले र माओवादी केन्द्रका उम्मेदवारहरुले मात्रै जित्दै आइर हेको उनले बताए । उनले २ नम्बर क्षेत्रमा गैरकम्युनिस्टहरुलाई चुनाव जित्न सहज नभएको बताए ।

२ नम्बर क्षेत्रमा सबैभन्दा ठूलो जनमत एमालेको छ । एमालेपछि ठूलो जनमत बोकेको कांग्रेस र माओवादी छन् । एमालेहरुको आधार क्षेत्र मनहरी, कैलाश, थाहा, इन्द्रसरोवर, भीमफेदी र मकवानपुरगढी गाउँपालिका हो । माओवादी केन्द्रको आधार क्षेत्र थाहा नगरपालिका, भीमफेदी र मनहरी हो । २ नम्बर क्षेत्रमा कांग्रेसको राम्रो जनमत राक्सिराङ, मनहरीमा मात्रै हो । २०७४ को स्थानीय तह निर्वाचनमा हेटौंडादेखि मकवानपुरगढीसम्म (राक्सिरङबाहेक) सबै कम्युनिस्टबाट प्रमुख निर्वाचित भएका थिए । गत २० वैशाखमा भएको निर्वाचनमा गठबन्धनका माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी)को साथमा नेपाली कांग्रेसले मनहरी, कैलाश, राक्सिराङ र मकवानपुरगढी जित्यो ।

## २८ जनाले गरे रक्तदान



साझाकुरा संवाददाता

हेटौंडा, ५ मंसिर/ मकवानपुरमा सोमबार २८ जनाले रक्तदान गरेका छन ।

हेटौंडाको बुद्धचोकमा भएको रक्तदानमा २ जना महिला र २६ जना पुरषगरि २८ जनाले रक्तदान गरेका हुन् । रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले हेटौंडामा अहिले रगतको अभाव नभएको बताए ।

रगतको अभाव हुन नदिन मंगलबार पनि बुद्धचोकमा र क्तदान कार्यक्रम रहेका उनले बताए ।

HETAUDA SCHOOL OF MANAGEMENT AND SOCIAL SCIENCES

**BBS ADMISSION OPEN**



Hetauda-4, Makawanpur
info@hsm.edu.np
057524701, 057524711
9855074222
www.hsm.edu.np

"कडा अनुशासन, स्तरीय शिक्षा"

**व्यापारिक मार्ट बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बर:
९८४५०२७०६४/९८५५०६८०३८

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

सेवाहरु:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# चिसोबाट बचौं, विपन्नमा ध्यान पुगोस्

देशभर चिसो बढ्दै गइरहेको छ । केही दिनदेखि देशका सबै भागमा चिसो बढिरहेको हो । मौसम परिवर्तनसँगै चिसो सुरु भएपछि मानव स्वास्थ्यमा समस्या पनि देखिने हुन्छ । यसतर्फ भने आमसर्वसाधारण सचेत रहनु पर्दछ । मौसमी परिवर्तनले रुघा, खोकी र ज्वरो आउन सक्ने सम्भावना बढी हुन्छ । यसबाट बच्न खानपिन र आफ्नो व्यवहारमा परिवर्तन गर्नुपर्छ । गर्मीयाममा गर्दै आएका गतिविधिलाई चिसो मौसममा बिलकुल परिवर्तन गर्नुपर्छ । जस्तैः कपडा लगाउँदा बाक्लो लगाउने, पानी तथा पेयपदार्थ खाँदा फ्रिजभित्रको नखानेलगायतका धेरै । चिसो मौसममा अघिल्लो दिन पाएका खानेकुरा नसड्ने भएकाले भोलीपल्ट राखेर खाने बानी धेरैको छ । त्यसो गर्न नहुने चिकित्सकहरु बताउँछन् । ताजा बनाएर खाने बानी बसालौं । उच्च हिमाली क्षेत्रमा हिमपात सुरु हुन थालिसकेको छ । राजधानी उपत्यकासहित बागमतीको मुकाम रहेको मकवानपुर र आसपासका क्षेत्रमा पनि अत्याधिक जाडो बढेको छ । मकवानपुरसहित मध्य तराईका जिल्लाहरुमा शितलहरको समस्या छ । चिसो बढ्ने मौसम नै भएपनि जलवायु परिवर्तनका असरसमेत बढेको छ ।

विशेषगरी न्यून आय भएका विपन्न वर्गका मानिसलाई चिसोको समस्याले बढी समस्या बनाएको छ । बृद्ध र बालबालिका बढी समस्यामा परेका छन् । मकवानपुरगढी गाउँपालिकामा पनि आवासको व्यवस्था नभएका वा शितलहर चुहिने छाप्रामा बसोबास गर्ने धेरै छन् । कोरोना महामारीका कारण अस्तव्यस्त भएको अर्थतन्त्र र बजार का कारण न्यून आय भएकाहरुलाई न्यानो वातावरणमा बस्न मुस्किल छ । मकवानपुरका राक्सिराङ, कैलाश, मनहरी, इन्द्रसरोबर, मकवानपुर गढी, थाहा नगरपालिका, बकैया, बागमती, भीमफेदी, हेटौंडाका विकट वडाहरुमा धेरै जनता अझै खरले छाएको छाप्रोमा बस्दै आएका छन् । उनीहरुलाई छाप्रोबाट शित चुहिने समस्याले अझै छोडेको छैन् । यस्तो अवस्थामा आफ्ना पालिकाबासीको स्वास्थ्यमा ध्यान दिनु सम्बन्धित गाउँपालिका कार्यालयको पनि दायित्व हो । उनीहरुका निम्ति सहयोगी मन लिएर गाउँपालिका उभिनु पर्दछ ।

कल्याणी सोंचको बिस्तार गर्न पालिका नै अग्रसर हुनुपर्दछ । चिसोबाट नागरिक रक्षा गर्नैपर्ने दायित्व भने गाउँपालिकाकै भएकाले निजी क्षेत्रलाई पनि साथमै लिएर आफ्ना नागरिकको बासस्थानको अनुगमन एकपटक गरेको राम्रो हुन्छ । कार्यालयले गाउँपालिकाभित्रकाका सबै शक्ति नागरिकको जीवनरक्षामा परिचालित गर्न सक्नु पर्दछ । करोडौं बजेट छुट्याएर अनेकौं काम गरिरहेको पालिकाले आफ्नै गाउँबासीलाई चिसोबाट बचाउन सकेन भन्ने सन्देश जाँदा सरम लाग्दो हुन्छ । तर यसतर्फ गाउँपालिकाको ध्यान गएको देखिएको छैन् । अब भने चिसोबाट कुनै गाउँबासीलाई अप्ठेरो पर्नुभन्दा अगावै गाउँपालिका कार्यालयको ध्यान पुगोस् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०७९ मंसिर ७ गते बुधबार २३ नोभेम्बर २०२२ । मंसिर कृष्णपक्ष औंसी । कछलागा ११४३ ने.सं. । सूर्योदय ६:३२, सूर्यास्त ५:७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मनमा उमङ्ग बढ्नेछ | तुला | : कार्य-सिद्धिबाट सुख मिल्नेछ |
| वृष | : रमाइलो छोटो यात्रा हुनेछ | वृश्चिक | : उदर-विकार हुन सक्नेछ |
| मिथुन | : काम गर्ने आत्मबल बढ्नेछ | धनु | : परिवारमा उन्नति हुनेछ |
| कर्कट | : अरुको विश्वास जित्न सकिनेछ | मकर | : काममा रोकावट आउन सक्नेछ |
| सिंह | : विवाद बढ्न सक्नेछ | कुम्भ | : शुभ समाचार सुन्न पाइनेछ |
| कन्या | : उत्साह कम हुनेछ | मीन | : मान सम्मान पाउन सकिनेछ |

# चुनावपछिका दाउपेच



किशोर नेपाल

संघीय गणतन्त्र नेपालको दोस्रो महा-निर्वाचन सम्पन्न भएको छ । यो चुनावको पूरै परिणामको घोषणासँगै सातवटा प्रदेशमा प्रदेशसभाहरूको गठन हुनेछ र संघीय गणतन्त्रको केन्द्रमा प्रतिनिधिसभाको गठन हुनेछ । महा-निर्वाचनको रमझम सुरु हुनुभन्दा निकै पहिलेदेखि नै संघीय राजधानी काठमाडौं, प्रादेशिक राजधानी सहरहरू र अरू महत्त्वपूर्ण सहरका एक्जिक्युटिभ क्लबहरूमा भावी प्रधानमन्त्रीको चर्चा सुरु भैसकेको थियो ।

मतपत्र गणना पूरै नटुंगिए पनि सम्भवतः आउने एक साताभित्रै प्रधानमन्त्री को हुने भनी टुंगो लाग्नेछ । नेपाली कांग्रेससँग चुनावी गठबन्धनमा बाँधिएका दलहरूले त्यतिन्जेलसम्म भावी प्रधानमन्त्री को हुने भन्ने जिज्ञासाको टुंगो लगाइसक्नेछन् ।

निर्वाचन आयोगले चुनावसँग सम्बन्धित सूचना, समाचार र विश्लेषणमा विभिन्न तरिका अपनाएर प्रतिबन्ध लगाएको छ । 'नो भोट' को त परिकल्पना र उच्चारण गर्नसम्म निषेध गरिएको छ । देशभरि एकैसाथ चुनाव सम्पन्न भएको अवस्थामा निर्वाचन आयोगलाई 'एक्जिट पोल' सँग आपत्ति नहुनुपर्ने हो । त्यसै गरी, निर्वाचन आयोगले भोटिङ मेसिनको प्रयोगमा पनि जाँगर देखाएको छैन । देशले एक्काइसौं शताब्दीको रजत वर्ष मनाउने बेला भैसक्दा पनि आफूलाई लोकतन्त्रको संरक्षकका रूपमा सोच्ने निर्वाचन आयोग नयाँ विचार र नयाँ प्रयोगसँग भयभीत देखिएको छ । यो अवस्थामा राजनीतिक दलका नेताहरूले धेरै ठूला गफ नगरे पनि हुन्छ ।

चुनावमा कांग्रेस नेतृत्वको गठबन्धनले सरकार बनाउने मौका पाएमा प्रधानमन्त्री पदमा शेरबहादुर देउवालाई नै निरन्तरता दिने कि प्रधानमन्त्रीका रूपमा माओवादी अध्यक्ष प्रचण्डको काँधमा जिम्मेवारी हालिदिने भन्ने चर्चा सुरु भैसकेको छ । एमाले-राप्रपा गठबन्धनमा प्रधानमन्त्रीको उम्मेदवार खड्गप्रसाद शर्मा ओली नै हुन् भन्ने स्पष्ट भैसकेको छ । अध्यक्ष प्रचण्डले सरकारको नेतृत्व कसले गर्ने भन्ने विषयलाई पटकपटक गौण बताइसकेका छन् । केन्द्रीय सत्तामाथि कब्जा जमाउने उद्देश्यका साथ चुनावमा उत्रिएका स्वतन्त्रका नाममा गठन भएका दलहरू र स्वतन्त्र उम्मेदवारहरू भ्रष्टाचार र कुशासन विरुद्ध जतिसुकै चिच्याए पनि राज्यसत्ता उनीहरूको नियन्त्रणमा आउन लामै समय कुर्नुपर्नेछ । किनभने, अहिलेका असन्तुष्टहरू कुनै समयमा 'सरकार' र 'व्यवस्था' कै रखवाला थिए । जनता उनका चर्का नारा सुनेर रमाउन सक्छन्ह पछ्याउन सक्लान्-नसक्लान्, त्यसको परीक्षण हुन बाँकी नै छ ।

कांग्रेस सभापति देउवालाई पार्टीभित्रैका र गैरकांग्रेसीहरूले समेत वृद्ध र वृद्ध भएकैले अक्षम भनेर कटाक्ष गरेका छन् । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको लुम्बिनी भ्रमणका समयमा उनको स्वास्थ्यस्थिति दयनीय देखिएको थियो । त्यो दृश्यलाई उदाहरणका रूपमा प्रस्तुत गरेर प्रधानमन्त्री देउवाविरुद्ध जतिसुकै कटाक्ष गरे पनि देशमा जस्तो राजनीतिको चलन छ, त्यसमा यसले खासै अर्थ राख्दैन । नेपालका नेता र ठूला ओहोदाधारी कर्मचारीहरूको महत्त्वाकांक्षा पद र ओहोदामै रहेर मृत्युशय्यामा जाने हुन्छ । हाम्रो देशमा सरकारी सेवाको राजनीतिक र प्रशासनिक तहमा उक्लिन सफल ठूला वा साना जुनसुकै मानिसको महत्वाकांक्षाको सम्मान गर्ने चलन छ ।

तैपनि, कांग्रेस पार्टीभित्र महामन्त्री गगन थापाले आफू प्रधानमन्त्री पदको उम्मेदवार बन्ने घोषणा गरेका छन् र उनको त्यो घोषणालाई सकारात्मक हिसाबले हेर्नुपर्छ । अर्का महामन्त्री विश्वप्रकाश शर्माले गगनको प्रस्तावित उम्मेदवारीको 'घनघोर' समर्थन गरेका छन् । गगन सुन्दर छन् । सुशील छन् । मिष्टभाषी छन् । तीन पटक संसद्मा चुनिएका छन् । उनको भाषण सुन्ने जोकसैले पनि उनी प्रभावशाली नेता हुन् भन्नेमा कुनै शंका गर्दैन । तर, उनको नेतृत्व नेपाली समाजको बहुआयामिक वृत्तमा फैलिन सकेको छैन । गगनका राजनीतिक र सामाजिक उपलब्धि के हुन् त ? 'उपलब्धिहरू यी-यी हुन्' भनी गनेर देखाउने विषय के हुन् त ?

कांग्रेस राजनीतिको वर्तमान परिप्रेक्ष्यमा गगनले आफ्नो राजनीतिक परिवेशको परिशीलन नगरी प्रधानमन्त्रीको चुनावमा उठ्ने घोषणा नगरेका भए जाती हुन्थ्यो । नेपाली राजनीतिमा व्यक्तिको क्षमता र योग्यताले भन्दा पारिवारिक परिवेशले बढी प्रभावित गर्छ । अर्जुननरसिंह केसीको राजनीतिक दक्षता र क्षमताको प्रशंसा धेरैले गर्छन् । तर, आफ्नो चञ्चल राजनीतिका कारण उनले धेरै कुरा गुमाएका छन् ।

कांग्रेसको पछिल्लो महाधिवेशनपछि गगन र विश्वप्रकाश दुवैका नेताका रूपमा देखिएका कांग्रेस केन्द्रीय समितिका सदस्य शेखर कोइरालाले प्रधानमन्त्रीका रूपमा आफूलाई प्रस्तुत गर्ने गगनको घोषणामाथि कुनै प्रतिक्रिया जनाएका छैनन् । चुनावको सम्पूर्ण परिणाम प्रकाशित नभएसम्म प्रतिक्रिया जनाउनुको खासै अर्थ पनि छैन । त्यस्तो प्रतिक्रियाले खासै फाइदा पनि गर्दैन ।

कांग्रेस सभापतिका रूपमा देउवाले आफ्ना घनिष्ठ सहयोगीहरूको राजनीतिक उत्थानका लागि अलिकति पनि उदारता देखाएका छैनन् । उनले कांग्रेस सभापति पदमा निर्वाचन लड्ने आकांक्षा राखेकै कारण विमलेन्द्र निधिजस्ता कांग्रेसका प्रखर नेतालाई जसरी पाखा लगाए, त्यो आफैंमा अनौठो घटना हो । देउवा राजनीतिको किनारमा रहेका बेला विमलेन्द्रले कसरी उनलाई काँधमा बोकेका थिए, त्यो कुरा थाहा पाउनेहरू अहिले 'हो र ?' भनेर तर्किन्छन् । क्रय-विक्रयको अवस्थामा सभापति देउवाको साथ दिने पश्चिम नेपालमा कांग्रेसका लोकप्रिय नेता पूर्णबहादुर खड्काले यो सत्यलाई अहिलेदेखि नै आत्मसात् गर्नुपर्छ । अहिले मधेशको कांग्रेसमा विमलेन्द्रको नेतृत्वको अभाव जसरी नराम्रोसँग खड्किएको छ, त्यसरी नै खड्काको अभाव खड्किने दिन नआउला भन्न सकिँदैन ।

सभापति देउवाले एनपी साउदजस्ता सुदूरपश्चिमका चमकदार नेतालाई किनारामा राखेका र पुष्करनाथ ओझालाई 'पार' लगाएका घटना पनि ताजै छन् । कांग्रेस सभापति तथा प्रधानमन्त्री देउवा आफूलाई कृष्णप्रसाद भट्टराईको अनुयायी भन्न हिचकिचाउँदैनन्, तर कांग्रेस सभापतिका रूपमा किसुनजीले आफ्नो प्रखर विरोधमा लागेका गिरिजाप्रसाद कोइराला पक्षका कार्यकर्ता विजयकुमार गच्छदारको कसरी प्रतिरक्षा गर्नुभएको थियो, त्यो कुरा देउवाको सम्झनाबाट नहट्नुपर्ने हो ।

चुनावको परिणाम आएपछि संघीय गणतन्त्र नेपालको प्रधानमन्त्रीमा कि देउवा, कि प्रचण्ड, कि ओलीबाहेक हाललाई अरू कोही पनि प्रधानमन्त्री हुने सम्भावना निकै खुम्चिएको छ । कांग्रेसमा सभापति देउवाको दबदबा छ भने माओवादीमा प्रचण्डको विकल्प देखा परेको छैन । संघीय गणतन्त्र नेपालमा प्रदेश र संघको पहिलो चुनावपछि नाटकीय ढंगले भएको एमाले र माओवादीको एकीकरण दुर्भाग्यपूर्ण साबित भयो । त्यो एकीकरणले उत्पन्न गरेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का दुईमध्येका एक अध्यक्ष ओलीले प्रधानमन्त्रीका रूपमा असंवैधानिक कार्यहरूको क्रमबद्ध सिलसिला नै सुरु गरे । भ्रष्टाचारका दर्जनौं घटना, दुईदुई पटक संसद् विघटनको प्रयास, चुच्चे नक्साको नौटंकी- उनका पालामा यस्ता धेरै घटना भए जसलाई सम्भावित दुर्घटनाको 'रिहर्सल' भन्न सकिन्थ्यो । अन्ततः सहअध्यक्षका रूपमा अर्का सहअध्यक्ष तथा प्रधानमन्त्री ओलीबाट लगातार 'अपमानित' प्रचण्डले नेकपा सरकारका प्रधानमन्त्री ओलीविरुद्ध मुख खोलेपछि राजनीतिक अवस्था यहाँसम्म आएको हो । यो कुरा जगजाहेर छ ।

माओवादी जोडिनुभन्दा पहिलेको एमाले र माओवादी अलग भएपछि अहिलेको एमालेमा कुनै तात्त्विक अन्तर छैन । अहिले त एमाले पञ्चायतकालको 'भूमिगत' मालेजस्तै छ । त्यति बेला मालेका नेताहरू पञ्चायतभित्र 'जनपक्षीय' को पगरी गुतेर निर्दलीय पञ्चायत व्यवस्थामा समाहित हुन्थे । जनपक्षीय हैसियतले पञ्चायतको चुनाव लड्थे । त्यतिखेर उनीहरू पञ्चायत राजनीतिसँग समीकरण मिलाउँथे । २०४६ सालमा नेपाली जनता सर्वमान्य नेता गणेशमान सिंहको आह्वान र हस्तक्षेपपछि प्रजातन्त्र स्थापनाको लडाइँमा होमिए । २०६२-६३ सालको आन्दोलनमा जनतासँग जोडिनुको अर्को विकल्प थिएन उनीहरूसँग । अहिलेको चुनावमा ओली नेतृत्वको छायामा सबै प्रकारका राप्रपा, मण्डले चरित्रका मानिसहरू र उत्ताउला स्वतन्त्रहरूको लर्को लागेको छ । एमाले नेतृत्वको गठबन्धनले बहुमत ल्यायो भने ओली एक पटक फेरि सत्ताको शिखरमा पुग्नेछन् ।

देशमा अहिले जस्तो राजनीतिक वातावरण छ, त्यो आर्थिक-सामाजिक विकासका लागि अनुकूल छैन । संसार निरन्तर विकासका बाटामा लागेको छ, हामी मनमौजी हिसाबले चल्दै छौं । यो सत्य हो- नेताहरूले राजनीतिका नाममा जनताको भाग्यसँग निरन्तर खेलबाड गरेका छन् । आफ्ना संकीर्ण महत्त्वाकांक्षाहरूको पोषणमा लागेका छन् । तर, कहलिएका अधिकांश नेपाली बुद्धिजीवीहरू सत्ताको छहारीको खोजीमा देखिन्छन् । उनीहरूमा संघीय गणतन्त्रमा मात्र सबैको कल्याण हुन्छ भन्ने चिन्तनको अभाव छ ।

(स्रोत: ई-कान्तिपुर)

# हाम्रो कानुनी शिक्षामा री मोडलको अपरिहार्यता

खगेश चन्द

लोकतान्त्रिक संस्थामध्ये सबैभन्दा महत्त्वपूर्ण संस्था हो अदालत । त्यसलाई बलियो बनाउने एक मात्रै माध्यम लिगल एजुकेसन हो । राम्रो न्याय व्यवस्था र बलियो लोकतन्त्रका लागि कानुनी शिक्षा जरैदेखि बलियो हुनुपर्छ । हाम्रो लिगल एजुकेसन कस्तो छ भन्ने कुराले के निर्धारण गर्दछ भने भविष्यमा कस्ता न्यायाधीश, प्रधानन्यायाधीश, कानुन व्यवसायी र ल प्रोफेसर हरू उत्पादन गर्ने भन्ने । वास्तवमा कानुनी शासन नै लोकतन्त्रको आधारभूत सर्त हो । जहाँ कानुनी शासन हुन्छ त्यहाँ मात्र लोकतन्त्र टिक्न र फक्रन सक्छ । कानुनी शासन हुन कानुनी शिक्षा गुणस्तरीय हुनुपर्छ ।

कानुन हाम्रो समाजको बल र क्रान्तिको आवश्यक माध्यम हो । यो एक मात्र पेसा हो, जसले समग्र समाज र यसका समस्याहरूलाई सम्बोधन गर्दछ । कानुनले नै समाज इन्जिनियरिङ अर्थात् समाज डिजान गर्दछ । तर विश्वव्यापीकारणले निम्त्याएका चुनौतीहरूलाई दिगो बनाउन र खतरालाई अवसरमा परिणत गर्न, विश्वस्तरीय कानुनी शिक्षा र कानुनी पेसाहरू स्थापना गर्न हामीले सकेका छैनौं । हाम्रो कानुनी प्रणाली रहेका प्वालहरू मर्मत गर्न नितान्त आवश्यक देखिन्छ । यसबाट कानुनी शिक्षाको विकास तथा प्रतिष्ठामा वृद्धि हुनुका साथै उक्त क्षेत्रका चुनौतीहरूको सामना गर्न मदत गर्दछ ।

लुम्बिनी बौद्ध विश्वविद्यालयको कानुन संकायमा ४५० जना विद्यार्थीको भविष्य २ जना शिक्षकको हातमा भन्दै संचार माध्यममा समाचार प्रकाशित भयो । यसले कानुनी शिक्षा दिने कलेजहरूको संख्या दिनप्रतिदिन बढ्दै गइरहेको छ । दुर्भाग्य के हो भने यो तीव्र वृद्धि होसियार योजना र विकासको परिणाम भने कदापि होइन । कानुनी सेवाको बढ्दो मागलाई निजी कलेजहरूले कुनै पूर्वाधार, कर्मचारी, पाठ्यसामग्री वा नेपाल बार काउन्सिल अनुमतीबिना नै सम्बन्धन लिएर अध्ययन अध्यापन गराउन थालेका छन् । यसले कानुनी शिक्षाको सुधारमा योगदान दिनुको सट्टा बजारबाट अधिकतम नाफा कमाउनका लागि ठूलो संख्यामा कलेजहरूको प्रवेशसँगै कडा रूपमा उद्यमशील गतिविधिका रूपमा मान्यता प्राप्त भएको छ । यसरी विश्वविद्यालयहरूले विभिन्न कलेजहरूलाई अनुमती दिएको हेर्दा यसले के देखाउँछ भने धेरै कलेजहरू नफामूलक उद्देश्यका साथ स्थापना गरिएका अर्थात् आयको एक आकर्षक स्रोतको रूपमा जोडिएको देखिन्छ ।

कानुनी शिक्षा प्रणालीको समयानुकूल विकास हुनु नितान्त आवश्यक छ । कानुनी शिक्षा प्रणाली अहिले कस्तो छ र भविष्यमा कस्तो हुनुपर्छ भन्ने कुरा हामीले निर्धारण गर्नुपर्छ । तसर्थ विश्वविद्यालयहरूले प्रयोगवादी कानुनी शिक्षा र रोजगारी ग्यारेन्टीको अवधारणा ल्याउनु नै अहिलेको कानुनी शिक्षा प्रणालीको समयानुकूल विकास हो । कानुनी शिक्षाको आवश्यकता विकासोन्मुख र अविकसित देशहरूमा मात्र नभई विकसित राष्ट्रहरूमा पनि महसुस गरिएको छ, जसले नयाँ चुनौती र आवश्यकता पूरा गर्ने उद्देश्यका साथ कानुनी शिक्षाको पाठ्यक्रमहरूको र विधिहरूको मूल्याङ्कन र परिमार्जन गर्न आवश्यक ठानेका छन् ।

विश्वविद्यालयहरूमा संकाय नियुक्तिका लागि पर्याप्त छनोटको उचित मापदण्ड नभएर पनि वर्तमान स्थिति देखापरेको हुनुसक्छ । यसका साथै कानुनी शिक्षालाई विभिन्न तत्वहरूले प्रभावपरेको देखिन्छ जस्तैः

(क) सरकारी निति,
(ख) विश्वविद्यालयको सम्बन्धन,
(ग) कानुन कलेजहरूको निजी परिचालक निकाय,
(घ) भर्ना गर्ने विद्यार्थीहरूको प्रकार,
(ङ) संकायको क्षमता र प्रतिबद्धता,
(च) उपलब्ध पूर्वाधार र प्राविधिक विकास,
(छ) कानुनी पेसामा विकास,
(ज) कानुनी प्रणालीमा विकास र आदि ।

नेपालमा वर्तमान स्थितिमा कानुनी शिक्षामा देखिएको परिदृश्य, प्रवृत्ति र चुनौतिहरू :

**१. इमरजिङ ट्रेन्ड एन्ड प्रजेन्ट सिनारियो**

विगत केही वर्षयता कानुनी शिक्षामा आमूल परिवर्तन आएको छ तर त्यसलाई प्रभावकारी र न्यायमुखी बनाउन अझै पनि सुधार गर्नुपर्ने देखिन्छ । कानुनी शिक्षा दिने कलेजहरूको संख्या तीव्र वृद्धि हुँदै गइराखेको छ । कानुनी सेवाको बढ्दो मागलाई निजी कलेजहरूले कुनै उचित पूर्वाधार, कर्मचारी वा पुस्तक वा नेपाल बार काउन्सिलको अनुमतीबिना नयाँ कलेजहरू खोल्नुले कानुनी शिक्षाको सुधारमा योगदान दिनुभन्दा बजारबाट अधिकतम नफा कमाउने मनसाय स्पष्ट देखिन्छ । अहिले त्रि.वि.का ३ वटा सम्बन्धन प्राप्त कलेज (नेपाल ल, पीएन र नेसनल)बाहेक अरू धेरै विश्वविद्यालयबाट सम्बन्ध लिएर कानुन अध्ययन अध्यापन गर्ने होडबाजी चलिरहेको छ । यी विश्वविद्यालयहरूले नेपाल बार काउन्सिलबाट स्वीकृत लिएर अध्ययन अध्यापन गराइरहेका छन् या छैनन् त्यसको अनुगमन हुन आवश्यक छ । भारतमा बार काउन्सिलको अनुमतिबिना कुनै पनि विश्वविद्यालयलाई कानुनी शिक्षा दिन अनुमति दिँदैन र अध्यापनको ढाँचा र पाठ्यक्रम बार काउन्सिलद्वारा नै सेट गरिएको छ र लाइसेन्स प्राप्त विश्वविद्यालयहरूलाई मात्र कानुन पढाउन अनुमति दिन्छ ।

यसै सन्दर्भमा भारतको सर्वोच्च अदालले दीपक सिब्बल भर्सेज पञ्जाबको मामिलाको ऐतिहासिक फैसलामा के उल्लेख गरेको छ भने कुनै पनि अव्यावहारिक हस्तक्षेप नगरी कानुनको अध्ययनलाई सकेसम्म प्रोत्साहित गरिनुपर्ने बताएको छ । त्यसैगरी भारतकै अर्को मुद्दा त्यसैगरी भारतकै अर्को मुद्दा बार काउन्सिल अफ इन्डिया भर्सेस अपर्णा बासु मल्लिक सर्वोच्च अदालतले राज्य रोलमा भर्ना हुनका लागि योग्य हुन कानुनको डिग्री हासिल गर्नु आवश्यक छ भनेको छ । यसैगरी बार काउन्सिल अफ इन्डियालाई कानुनी शिक्षाको स्तर निर्धारण गर्ने अधिकार हुनुपर्छ र बार काउन्सिलले कानुनको कक्षा व्याख्यान, ट्युटेरियल, मुटकोर्ट आदिमा उपस्थित हुनका लागि तोकेको मापदण्डका सर्तहरू अधिवक्ताका रूपमा भर्ना हुनअघि पूरा गर्नुपर्छ भनेर उल्लेखित गरेको छ । तसर्थ नेपालमा पनि कानुनका कलेजहरूबीच देखिएको भिन्नता र अन्तरलाई नेपाल बार काउन्सिलले उचित सम्बोधन गर्नुपर्दछ । विभिन्न कलेजका विद्यार्थीहरूको गुणस्तर र शिक्षाको दायरा र प्रकारमा ठूलो असमानता हुनुका साथै धेरै कलेजहरूले विद्यार्थीहरूलाई उचित शिक्षा दिने चिन्ता नगरी स्वतन्त्र रूपमा डिग्री दिइरहेका छन् तसर्थ यी र यावत समस्याहरूको निराकरण नेपाल बार काउन्सिलले गर्नुपर्ने देखिन्छ ।

कानुन सङ्काय र शिक्षण प्रविधि:

धेरै कलेज नाफामूलक उद्देश्यका साथ स्थापना गरिएका छन् तसर्थ विद्यार्थी र संकायमा धेरै खर्च गर्दैनन् । यस्ता कलेजमा अधिकांश आंशिक शिक्षकहरूको प्रचुरता हन्छ नै र शिक्षण कार्यमा प्रयाप्त ध्यान दिन सक्दैनन् । शिक्षकले आंशिक समय दिएर मात्रै कानुनी शिक्षाको गुणस्तर सम्भव छैन तसर्थ शिक्षकबाट पनि निश्चित मात्रामा समर्पण चाहिन्छ र विद्यार्थीले कति मात्रामा आत्मसात गर्छ भन्ने कुरा शंका निवारण र मार्गदर्शनका लागि शिक्षकहरूको उपलब्धतामा निर्भर हुन्छ । प्रभावकारी जिम्मेदवारी वकिलहरूको विशेषताहरू सेल्फ प्रतिविम्ब हुने गरेर सिकाउन, विद्यार्थीहरूमा विश्लेषणात्मक क्षमताहरू विकास गर्नुका साथै व्यावसायिक कौशलता सिकाउनु आवश्यक छ । धेरै विश्वविद्यालयहरूले प्रयोगवादी कानुनी शिक्षा ल्याउनुपर्छ । कानुनी शिक्षा भनेको विवादको तर्कसंगत र अहिंसात्मक समाधान र दण्डहरू ह्यान्डल गर्नका लागि प्राविधिक क्षेत्र अर्थात प्लेटफर्म हो । तसर्थ कानुनी शिक्षा चाहनालाई आर्थिक तवरबाट बन्देज लगाउन भने मिल्दैन । भारतको यसै सन्दर्भमा Manubhaif\ vashif\ vs. state of Maharasthra AIr\ 1989 को उक्त मुद्दामा सर्वोच्च अदालतले कानुनी शिक्षा प्रणालीले समाजको बढ्दो आवश्यकताहरू पूरा गर्न सक्षम हुनुपर्ने र विभिन्न परिस्थितिहरूको जटिलताहरू सामना गर्न पूर्ण रूपमा सुसज्जित हुनुपर्छ भनेको छ ।

**प्रवेश परीक्षा:**

वर्तमान प्रवेश परीक्षा प्रणालीले परीक्षार्थीको योग्यतालाई राम्रो वकिल बन्न सक्ने क्षमतालाई झल्काउने तरिकाले लिएको देखिँदैन । सत्य के हो भने असल अधिवक्ता लागि चाहिने सीपहरू समाहित हुनुपर्छ । यद्यपि तिनीहरूले अब उम्मेदवारको सामान्य योग्यतालाई पनि प्रतिविम्बित गर्दैनन् किनभने तिनीहरूले एक सेट ढाँचा पछ्याउँदै आइरहेका छन् । अब कानुनी शिक्षाको प्रवेश परीक्षामा पनि अरू विधा जस्तै संयुक्त प्रवेश परीक्षा लिने व्यवस्था मिलाउनुपर्दछ । विश्वविद्यालयहरूले नेपाल बार काउन्सिलबाट स्वीकृत लिएर बारले निर्माण गरेको ढाँचा र पाठ्यक्रममा अधारित भएर मात्र प्रवेश परीक्षा लिनुपर्दछ ।

**पुरानो पाठ्यक्रम र पठनपाठन :**

नेपाल बार काउन्सिलले कानुन अध्यापन गराइरहेका विश्वविद्यालयलाई आ्नो पाठ्यक्रम परिमार्जन गर्न आग्रह गर्नुका साथै परम्परागत रूपमा केन्द्रित विषयहरूलाई हटाएर समसामयिक विषयहरूको परिचय गराउनुपर्छ भन्ने कुर खुलस्त पार्नुपर्छ । वर्तमान पाठ्यक्रमले कानुनको परिवर्तनशील भूमिकालाई प्रतिविम्बित गर्दैन र शिक्षणले सामाजिक इन्जिनियरिङ सीपहरूलाई ध्यानमा राख्दैन । यो आज अभ्यास गर्ने वकिलमा आवश्यक छ । यसै सन्दर्भमा भारतको एउटा मुद्दा state of Maharashtra vs. Mumbhaif\ pragmatic vashif\ मा सर्वोच्च अदालतले अवलोकन गर्दै विश्व व्यवस्थामा सदैव बढ्दो चुनौतीहरूको सामना गर्न विश्व व्यवस्थामा नयाँ प्रवृत्तिको गणना गर्न विश्वस्त र व्यवस्थित कानुनी शिक्षाको आवश्यकता छ भन्दै कानुनी शिक्षाले समाजको बढ्दो मागहरू पूरा गर्न सक्षम हुनुपर्छ । विभिन्न परिस्थितिहरूको जटिलताहरू पूरा गर्ने पूर्ण रूपमा सुसज्जित हुनुपर्छ भनेको छ ।

भारतका केही प्रोफेसरले के भन्नुहुन्छ भने, 'हामी धेरै पश्चिमीकरण भयौं, ओरियन्टल कोर्स मात्रै पढाउन थाल्यौं । अमेरिका, बेलायत, अस्ट्रेलियामा विकास भएका सिद्धान्त मात्र । हाम्रो पूर्वीय दर्शन वेद, उपनिषद्, स्मृति, धर्मशूत्र, न्यायशूत्र अनि पुराण र महाभारतका न्यायसम्बन्धी कुरा नपढाईकन हामीसँग नभएका पाश्चात्य कुरा कति ग्रहणयोग्य हुन्छन् ? तीबाट कानुनी शिक्षामा कति लिन सकिन्छ ? पाठ्यक्रम बनाउँदा त्यो पनि हामीले ध्यान दिनुपर्दछ ।


**एक्सपर्ट लर्नर र कानुनी अनुसन्धान :**

कानुनका कलेजहरूले विद्यार्थीहरूलाई विज्ञ हुन तालिम दिन सकिरहेका छैनन् । विद्यार्थीहरूलाई कानुनको अभ्यासका लागि राम्रोसँग तयार पार्न सैद्धान्तिक पाठ्यक्रमहरूमा वकालतसम्बन्धी सीप र गुणस्तर उत्पादन केन्द्रित हुनुपर्छ । कानुनका विद्यार्थीहरूले स्नातक पास गरेर लाइसेन्स लिए पनि ल कलेजमा पढेको सैद्धान्तिक ज्ञानलाई प्रयोगमा लैजान सक्दैनन् ।

(बाँकी पृष्ठ-३ मा....)

# म सही व्यक्तिको प्रेममा डुब्ने प्रतिक्षामा छु: अदिती बुढाथोकी

काठमाडौं/अभिनेत्री अदिती बुढाथोकीले फिल्म 'बाबरी'बाट करिब ४ वर्षपछि कमब्याक गरिन् । डेब्यू फिल्म 'कृ' रिलिजपछि मुम्बई केन्द्रित भएकी उनलाई आफ्नो कमब्याक फिल्मप्रति ठूलो आशा थियो । तर, फिल्मले प्रतिक्रिया सुखद् बटुले पनि व्यापार सुखद् गरेन । न त उनको अभिनयकै चर्चा भयो । फिल्ममा उनले अभिनय भन्दा आफू कसरी सुन्दर देखिने भन्नेमा बढी मिहिनेत गरेको देखिन्थ्यो ।



नेपालबाट लगानी सुरक्षित गर्न नसकेको 'बाबरी'को यतिबेला विदेशका विभिन्न ठाउँहरुमा प्रदर्शन भइरहेको छ । फिल्मको विदेश प्रदर्शनका लागि अदिती र अभिनेता धिरज मगर अष्ट्रेलिया, हङकङ, बेलायत पुगेका थिए । बेलायत प्रदर्शनपछि धिरज यतिबेला बाली घुमघाममा व्यस्त छन् भने अदिती नेपाल फर्केकी छन् । उनी यसै साता आफ्नो कर्मथलो मुम्बई प्रस्थान गर्ने योजनामा छिन् ।

नेपाल ओर्लिएसँगै उनले इन्स्टाग्राममार्फत् फ्यानहरुको जिज्ञासाको जवाफ दिएकी छन् । एक फ्यानले धिरज मगरसँग अर्को फिल्म कुन हुनसक्छ भनेर सोधेको प्रश्नमा अदितीले 'बाबरी २' हुनसक्ने बताएकी छन् । यो माग दर्शकको नै रहेको पनि उनको भनाई छ । फिल्म प्रदर्शन भइरहेको समयमा पनि उनले 'बाबरी २' बन्न सक्ने संकेत गरेकी थिइन् । यो फिल्म उनकै होम प्रोडक्सनको हो ।

त्यस्तै, अर्का एक फ्यानले सिंगल कि रिलेसनसिपमा भनेर सोधेको प्रश्नको जवाफमा उनले भनेकी छन्, 'म सही व्यक्तिको प्रेममा डुब्न प्रतिक्षा गरिरहेको छु ।' उनले आफू सिंगल रहेको दावी गरे पनि केही समयअघि उनी भारतीय ऱ्यापर अलिम मोरानीको प्रेममा रहेको चर्चा चलेको थियो । 'बाबरी'मा काम गरेपछि धिरजसँग अदितीको नाम जोडिएको छ । तर, दुवैले यो कुरा नकारेका छन् ।

# हाम्रो कानुनी शिक्षामा...

तसर्थ उनीहरूले अध्ययन गरेर लाइसेन्स लिइसकेपछि पनि २, ३ वर्ष इन्टर्न गर्नुपर्ने बाध्यकारी व्यवस्था छ । तसर्थ ल कलेजले कानुनी शिक्षालाई व्यवहार उपयोगी र प्रयोगवादी बनाउनु जरुरी छ । यसका साथै विश्वविद्यालयमा ५ वर्षे एकीकृत कानुनी कोर्समा अनिवार्य रूपमा लिगल रिसर्च मेथोडोलोजी अध्ययन अध्यापन गराइन्छ । यो विषयमा तुलनात्मक सुधार ल्याउनु जरुरी छ । कनुनी अनुसन्धानलाई बृहत बनाउनुपर्छ । तसर्थ अब टेक्नोलोजी कानुनी अनुसन्धानको विकास गर्नुपर्छ ।

**कानुनी शिक्षाको परिदृश्यका बारेमा संवैधानिक स्थिति :**

नेपालको संविधनले मूलत: मौलिक हकअन्तर्गत शिक्षासम्बन्धी विषयलाई राखेर राज्यहरूलाई शिक्षा दिने कर्तव्य तोकेको छ । त्यसैगरी राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वअन्तर्गत धारा ५१ राज्यका नीतिहरूको (ज) नगरिकका आधार भूत आवश्यकतासम्बन्धी नीतिमा-

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम प्रतिस्पर्धी नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने ।

२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने ।

३. उच्च शिक्षालाई सहज गुणस्तरीय र पहुँचयोगी बनाई क्रमश: नि:शुल्क बनाउँदै लैजाने । त्यसैगरी अनुसूची ७ सै र प्रदेशको साझा अधिकारको सूची (८) अनुसार कानुन व्यवसाय, लेखापरीक्षण, इन्जिनियर चिकित्सा, आयुर्वेद चिकित्सा पशुचिकित्स आम्ची र अन्य पेसा भनेर उल्लेखित गरेको छ । यसमा कानुनसँगै अन्य क्षेत्रलाई पनि समावेश गरेको पाइन्छ । यसका साथै नेपाल कानुन व्यवसायी परिषद् ऐन २०५० को दफा ८ को (झ) मा उल्लेखित गरेको छ कि स्तरीय कानुन शिक्षालाई प्रोत्साहन दिन विश्वविद्यालयसँग परामर्श गरी कानुन व्यवसायका लागि उपयुक्त शैक्षिक मापदण्ड सिफारिस गर्ने ।

**सुझावहरू:**

कानुन व्यवसायका सफलताका लागि आधारभूत सीपहरू विद्यार्थीलाई सिकाउनुपर्दछ । कुनै पनि प्रणाली अनुसन्धान र विकासबिना बाँच्न सक्दैन । त्यसैले सामाजिक, आर्थिक सन्दर्भको आयाम हेर्नका लागि गहिरो अनुसन्धान आवश्यक छ । कानुनी शिक्षक वकिल र न्यायाधीशहरूको स्तर वृद्धि गर्न निरन्तर कानुनी शिक्षालाई महत्व दिनुपर्छ । विश्वव्यापीकरणको कुरालाई मध्यनजर गरी कानुनी शिक्षाको व्यापक पुनर्विचार आवश्यक छ । कानुनी शिक्षकहरूको शिक्षण स्तरलाई तालिम र स्तरोन्नति गर्न राष्ट्रिय स्तरको कानुन शिक्षक प्रतिष्ठान स्थापना गर्न आवश्यक छ । यसका साथै तल उल्लेखित कुराहरूको उचित सम्बोधन भए मात्रै कानुनी शिक्षाको गुणस्तर वृद्धि हुन्छ :

**क) कानुनी विश्वविद्यालय :**

देशको कानुनी शिक्षाको अभिभावकत्व प्रधानन्यायाधीशले लिनुपर्छ । कानुन विश्वविद्यालयको कुलपति प्रधानन्यायाधीश हुनुपर्छ । अदालत र कानुनी क्षेत्रलाई आवश्यक दक्ष जनशक्ति ल कलेजहरूले उत्पादन गर्ने हुँदा उक्त कानुनी क्षेत्र अभिभावकत्व प्रधानन्यायाधीशले लिनुपर्दछ । यस सन्दर्भमा डा. रामकृष्ण तिमल्सेनाले आफ्नो आत्माकथा पुस्तक अदालतभित्र र अदालतबाहिर भन्ने पुस्तकमा कानुनी शिक्षा राम्रो भयो भने कानुनको फिल्ड अर्थात् बार राम्रो हुन्छ, बार राम्रो भए बेन्च राम्रो हुन्छ, बेन्च राम्रो भए न्याय राम्रो हुन्छ, न्याय राम्रो भए न्यायपालिकासँगै लोकतान्त्र पनि बलियो हुन्छ भन्ने उल्लेख गरेका छन् । तसर्थ राम्रो न्यायव्यवस्था र बलियो लोकतन्त्रका लागि कानुनी शिक्षा जरैदेखि बलियो हुनुपर्छ । त्यसैले दक्षा जनशक्ति उत्पादन गरेर बार दह्रो बनाउन र त्यसले वकालत पेसा दह्रो बनाउन र अन्तिममा अदालत बलियो बनाउन छुट्टै कानुन विश्वविद्यालय प्रधानन्यायाधीशले अभिभावकत्व लिने गरी स्थापन गर्नु आजको आवश्यकता हो ।

**(ख) कानुन शिक्षालाई निर्देशित गर्ने कानुनी शिक्षा ऐन:**

वर्तमान कानुनी शिक्षा प्रणाली व्यवस्थित भएको देखिँदैन । त्यसैले यसलाई व्यवस्थित गर्न र सुसुज्जित गर्न हामीलाई संसद्बाट पारित कानुनी शिक्षा ऐनको जरुरत छ । जस्तै भारतमा कानुनी शिक्षाको इतिहासको महत्त्वपूर्ण समय भनेको जब एड्भोकेट एक्ट १९८१ निर्माण गरियो । त्यसपछि उक्त ऐनअन्तर्गत रहेर बार काउन्सिलले कानुनी शिक्षाको सन्दर्भमा धेरै महत्त्वपूर्ण कार्यहरू गरेका छन् । अधिवक्ता ऐनको दफा ७ अन्तर्गत भारतको बार काउन्सिलको सबैभन्दा महत्वपूर्ण कार्य भनेको कानुनी शिक्षालाई बढवा दिनु र विश्वविद्यालयहरू र राज्य बारसँग परामर्श गरी कनुनी शिक्षाको मापदण्ड निर्धारण गर्दछ । तसर्थ नेपालमा पनि कानुनी शिक्षाको मापदण्ड तय पार्न कानुनी शिक्षा ऐन नितान्त आवश्यक देखिन्छ ।

**(ग) नेपाल बार काउन्सिलको भूमिका :**

कानुनी शिक्षाको चाहनालाई आर्थिक तवरबाट बन्देज लगाउन भने मिल्दैन । त्यसैले अहिले कानुनी शिक्षा प्रदान गर्ने कलेजहरू दिन प्रतिदिन वृद्धि हुँदै गइरहेका छन् र उक्त कलेजहरूले मनलाग्दो रूपमा शुल्क पनि असुलउपर गररहेको देखिन्छ । कानुनका कलेजहरूबीच विभिन्न विषयमा धेरै अन्तर देखिन्छ ।

यसरी विभिन्न संस्थाको विद्यार्थीहरूको गुणस्तर र शिक्षाको दायरा र प्रकारमा ठूलो आसमानता छ, जुन आर्थिक स्रोतले फरक परि राखेको छ । तसर्थ नेपाल बार काउन्सिलले आनो अनुमतिबिना कुनै पनि विश्व विद्यालयलाई कानुनी शिक्षा अध्यापन गर्न अनुमति दिनु हुँदैन । यसका साथै कानुनी शिक्षा अध्ययन अध्यापनका लागि नेपाल बार काउन्सिलले सबै विश्वविद्यालयलाई लागू गर्ने गरेर एकै प्रकारको अध्यापन ढाँचा र पाठ्यक्रम निर्माण गरिदिनुपर्छ, जसले कानुनी शिक्षामा हुँदै गरेको व्यापारीकरणलाई न्यून गर्नुका साथै विद्यार्थीहरूको आर्थिक हैसियतका आधारमा विद्यार्थीहरूको कानुनी शिक्षाको गुणस्तर फरक पर्दैन र समान गुणस्तर उत्पादन हुन्छ ।

यावत मुद्दाहरूमा हामीले ध्यान दिँदै पुरानो कानुनी शिक्षा प्रणालीको री मोडल गर्नु आजको दिनको अपरिहार्य आवश्यकता हो । यसका साथै विश्वभर न्यायाधीश र कानुन व्यवसायीले कालो कोट, कालै ज्याकेट वा गाउन लगाउने प्रचलन छ । कालै वस्त्र किन भने आफूलाई खराब दृष्टिबाट जोगाउन रहेछ अर्थात् प्रोटेक्ट फ्रम इभिल आई । तसर्थ न्यायकर्मीहरूलाई मात्रै इभिल आईबाट प्रोटेक्ट नगरी सम्पूर्ण जुडिसियरीलाई प्रोटेक्ट फ्रम इभिल आई अर पोलिटिकल इन्टरफेरि यन्सको लागि गुणस्तरीय कानुनी शिक्षाको आवश्यकता अपरिहार्य देखिन्छ । *(स्रोत: रातोपाटी)*

"तपाई, हामी सबैको कुरा"
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
साझाकुरा
हामी तपाईहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।



वेवसाइडमा: www.sajhakuranews.com
सर्च गर्न नभुल्नुहोला।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।

ललितपुर-२ :

# विकल्प खोज्ने मतदाता घन्टी र लौरोमा बाँडिदा एमालेको सहज जित

काठमाडौं/पहिलो र तेस्रो दलको समर्थनमा आफ्नै दलबाट फुटेर बनेको एकीकृत समाजवादीबाट निवर्तमान सांसदको उम्मेदवारी, अनि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लगायतका नयाँ दलको प्रवेश । ललितपुर क्षेत्र नम्बर २ मा आफ्नो जित जोगाउन नेकपा एमालेलाई सहज थिएन ।



तर त्यही ललितपुर-२ बाट एमालेले खाता खोलेको छ । सोमबार राति सकिएको मत गणनामा एमालेका प्रेम महर्जन ६ हजार १३९ मतान्तरले विजयी भएका छन् ।

एमालेका महर्जनले १५ हजार २५ मतका साथ सांसदमा निर्वाचित हुँदा निकटतम प्रतिद्वन्द्वी हाम्रो नेपाली पार्टीका सुदिन शाक्यले ८ हजार ८८६ मत पाएका छन् ।

**कांग्रेस मैदानमै थिएन**

गत वैशाखको स्थानीय निर्वाचनमा वडाध्यक्षका उम्मेदवार हरुले पाएको मत हेर्दा क्षेत्रमा कांग्रेसले पहिलो दल हो । उसका उम्मेदवारहरुले १९ हजार ८८२ मत पाउँदा एमालेले १५ हजार ७१० मत, माओवादी केन्द्रले ५ हजार ०२३, राप्रपाले ३ हजार ४९५ र एकीकृत समाजवादीले ३ हजार १९२ मत पाएको थियो । सत्ता गठबन्धनमा भएको सिट बाँडफाँटमा एकीकृत समाजवादीले बहालवाला सांसद आफ्नो दलमा भएकै कारण यो क्षेत्र छाडेन । सिट लिएपछि पनि निवर्तमान सांसद कृष्णलाल महर्जनलाई नै उम्मेदवार बनायो ।

२०७४ को निर्वाचनमा वाम गठबन्धनको साझा उम्मेदवार बनेका महर्जन २७ हजार ७१३ मतका साथ निर्वाचित हुँदा कांग्रेसका चन्द्र महर्जनले १६ हजार ९४५ मत प्राप्त गरेका थिए । विवेकशील साझा पार्टीले ५,४०८ मत, नयाँ शक्ति पार्टी नेपालले ९६३ र संघीय समाजवादी फोरमले ९६० मत प्राप्त गरेका थिए । अघिल्लो संघीय निर्वाचन जितेको तथा कांग्रेस र माओवादीको समर्थन भएकाले कृष्णलाललाई यो पटक जित निकाल्न सहज हुनुपर्थ्यो ।

तर नतिजा उल्टो भएर आइदियो । किनकी कृष्णलालले सत्ता गठबन्धनको निकै कम मात्र मत पाएका छन् । आफ्नै दलको उम्मेदवार नभएका कारण सबभन्दा ठूलो दल कांग्रेसका समर्थक तथा शुभेच्छुकलाई मत बदल्न सहज भएको देखिन्छ । जबकी प्रेम महर्जनले पाएको मत हेर्दा एमालेले आफ्नो मत निकै हदसम्म जोगाएको देखिन्छ । अनि नयाँ तथा परम्परागत दलप्रति असन्तुष्ट मतदाताको मत घण्टी, लौरो र हलो चुनाव चिन्हमा बाँडियो, जसले उनको जित सहज भयो ।

**बाँडियो आक्रोशको मत**

यो निर्वाचनमा शहरी क्षेत्रमा परम्परागत दलसँग असन्तुष्ट र नयाँ मतदाताको धेरै मत घन्टी चुनाव चिह्न भएको राष्ट्रिय स्वतन्त्र पार्टीले धेरै पाएको छ । ललितपुर २ मा पनि रास्वपाका उम्मेदवार बुद्धरत्न महर्जनले ८ हजार ६६६ मत पाएका छन् ।

तर लौरो अभियाान नारा लिएको हाम्रो नेपाली पार्टीका डा. सुदिन स्थानीय स्तरमा राम्रो प्रभाव भएका उम्मेदवार थिए । स्थानीय चुनावमा काठमाडौं महानगरका मेयर बालेन साह र धरान उपमहा नगरका मेयर हर्क साम्पाङ पनि यही चुनाव चिह्नबाट निर्वाचित भएका थिए । त्यही कारण दर्ता भएको यो दलले लौरो अभियान नारा दिएपनि घन्टी जस्तो लोकप्रिय हुन सकेन ।

तर व्यक्तिगत प्रभाव राम्रो थियो । तलछेंका स्थानीय सुदिन पेशाले दन्त चिकित्सक हुन् । नेशनल डेन्टल हस्पिलटको कार्यकारी निर्देशक भइसकेका उनले पाटनका टोलहरुमा क्लिनिक चलाएर दाँतको उपचार गर्दै आएका छन् । उनले पाएको दोस्रो धेरै मत ८ हजार ८८६ ले पनि उनको लोकप्रियता देखाउँछ ।

लदितपुर २ मा राप्रपाका रघुवर राज थापाले पनि ७ हजार ७९९ मत पाएका छन् । अर्थात नयाँ मतदाताहरुको मत नयाँ दलका उम्मेदवारहरु तिर बाँडियो भने कांग्रेसको मत गठबन्धनका उम्मेदवार महर्जनको साटो अरुतिर गयो । रास्वपा, हाम्रो नेपाली पार्टी र राप्रपा उम्मेदवारले ८ हजार हाराहारी मत पाउँदा एमालेले संगठनको मत जोगाउँदा नै जितका लागि पर्याप्त भयो

प्रतिनिधिसभा सदस्यमा निर्वाचित प्रेम महर्जन पनि गठबन्धन दलहरूबीच इमान्दार सहकार्य हुन नसक्नु र नयाँ दलका उम्मेदवार बाँडिनुले पनि आफूलाई सहज भएको स्वीकार गर्छन् । उनले भने, जनताले नयाँ अनुहार खोजेका छन् भन्ने त मसँग कसको प्रतिस्पर्धा भइरहेको छ भन्ने हेर्दा पनि थाहा हुन्छ ।'

**कसरी भयो जित ?**

सोमबार बिहान पहिलो पटक सार्वजनिक भएको मत परिणामअनुसार ४ हजार ७८८ मतगणना हुँदा एमाले उम्मेदवार प्रेमले १,३१७ मत ल्याएका थिए । उनलाई पछ्याउँदै सुदिनले १,०९७ मतसहित पछ्याइरहेका थिए । त्यसपछि एकीकृत समाजवादीका उम्मेदवार कृष्णलालले ८७७ मत र रास्वपाका उम्मेदवार बुद्धरत्नले ७९० र राप्रपाका रघुवरले ६७६ मत ल्याएका थिए ।

यो नतिजा सार्वजनिक हुँदासम्म राप्रपा र राष्ट्रिय स्वतन्त्र पार्टीको प्रभाव रहेको क्षेत्रको मत गणना भइरहेको थियो । महालक्ष्मी नगरपालिका र ललितपुर महानगरका वडाहरूको मतगणना सँगसँगै भइरहेको हुँदा मत परिणाम मिश्रित आएको थियो ।

त्यसपछि दोस्रोपटक १० हजारभन्दा बढी मतगणना सकिए पछि सार्वजनिक भएको मतअनुसार पनि प्रेमबहादुरले २ हजार ९८० मत ल्याउँदा उनलाई पछ्याउँदै हाम्रो नेपाली पार्टीका उम्मेदवार सुदिनले २ हजार ४९७ मतसहित पछ्याइरहेका थिए । त्यसपछि राष्ट्रिय स्वतन्त्र पार्टीका बुद्धरत्नले १ हजार ४९० मत र उनलाई पछ्याउँदै एकीकृत समाजवादीका उम्मेदवार कृष्णलालले १ हजार ४७७ मत ल्याएका थिए । राप्रपाका रघुवरले १,४२६ मत ल्याएका थिए ।

त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीका बुद्धरत्नको बसोबास र व्यक्तिगत प्रभाव भएको क्षेत्र सानोगाउँ हो । यही क्षेत्रको मत गणना गर्दा उनले एकीकृत समाजवादी र राप्रपा उम्मेदवारलाई उछिने । मध्यान्ह तेस्रोपटक २१ हजार मत गणना सकिएपछि सार्वजनिक भएको मत अनुसार पनि मत परिणामको अनुपात यही छ । एमालेका प्रेमले ५ हजार ७७८ ल्याउँदा हाम्रो नेपाल पार्टीका सुदिनले ४६ सय मत पाए । त्यसपछि राप्रपाका रघुवरले ३,४३४ मत ल्याएका थिए । राष्ट्रिय स्वतन्त्र पार्टीका बुद्धरत्नले ३,२६२ मत ल्याउँदा एकीकृत समाजवादीका उम्मेदवार कृष्णलाल भने २,८२८ सय मतसहित पछाडि थिए ।

महालक्ष्मी नगरपालिकाका सानोगाउँ, टीकाथली, लुबु, इमाडोल, लाकुरी भञ्ज्याङ र सांगाथलीलगायत स्थान यो क्षेत्रमा पर्छन् । इमाडोल राप्रपा उम्मेदवार रघुवरको बसोबास र व्यक्तिगत प्रभाव भएको क्षेत्र हो ।

हाम्रो नेपाली पार्टीका सुदिनले नागबाल, धौगल, मंगलबजार, दरबार स्कायर र दहबालगायतका क्षेत्रबाट राम्रो मत पाएका थिए । एमाले उम्मदेवारसँग मतान्तर घटाएपनि उछिन्न सकेनन् । ललितपुर महानगरको ६, ७, ८, ९ र ११ नम्बर वडामा एमालेको राम्रो प्रभाव छ । त्यहीको मतको बलमा उनले चुनाव जितेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# मनाङबाट निर्वाचित गुरुङले पाउने छैनन् संसदमा प्रवेश

काठमाडौं/मनाङबाट प्रतिनिधिसभा सदस्य निर्वाचित टेकबहादुर गुरुङ तत्काल संसद प्रवेश गर्न नपाउने भएका छन् । उनीविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा विचाराधीन रहेकाले उनी सांसदको हैसियतमा काम गर्न नपाउने भएका हुन् ।

गुरुङविरुद्ध भृकुटीमण्डप स्थित समाज कल्याण परिषदको ६० रोपनी जग्गा भाडामा दिँदा ३१ करोड रुपैयाँ भ्रष्टाचार गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ । सुशील कोइराला नेतृत्वको सरकारमा गुरुङ श्रम राज्यमन्त्री हुँदा गरेको निर्णयका आधारमा उनीविरुद्ध भ्रष्ट्राचार मुद्दा दायर भएको हो । सो मुद्दामा विशेष अदालतले उनलाई ५ लाख रुपैयाँ धरौटीमा रिहा गरेको थियो ।

भ्रष्ट्राचार मुद्दा विचाराधीन रहेकाले उनी स्वत: निलम्बनमा पर्नेछन् । भ्रष्ट्राचार निवारण ऐन २०५९ को दफा ३३ मा कुनै व्यक्तिउपर भ्रष्ट्राचार मुद्दा दायर भएकामा त्यस्तो मुद्दाको किनारा नभएसम्म स्वत: निलम्बनमा रहने व्यवस्था छ ।

निर्वाचनसम्बन्धी ऐनले भ्रष्ट्राचार मुद्दामा दोषी नठहरिएका व्यक्तिलाई उम्मेदवार बन्न अयोग्य ठहर नगरेका कारण यस्ता व्यक्तिले चुनाव लड्न पाउँछन् । तर मुद्दा किनारा नलागेसम्म गुरुङले सांसद भएर काम गर्न पाउने छैनन् ।

बालुवाटारको सरकारी जग्गा व्यक्तिको नाममा नामसारी गरेको प्रकरणमा कांग्रेसकै नेता विजयकुमार गच्छदारविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएपछि उनको सांसद पद निलम्बनमा परेको थियो । यसपटक पनि गच्छदार उम्मेदवार भएका छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# इरानका खेलाडीले विश्वकपमा किन गाएनन् राष्ट्रिय गान ?

काठमाडौं/ठूला अन्तर्राष्ट्रिय खेलअघि हरेक देशको राष्ट्रिय गान बजाइन्छ । मैदानमा रहेका खेलाडीले पनि गर्वका साथ छातीमा हात राखेर ठूलो स्वरमा आफ्नो देशको राष्ट्रिय गान गाउँछन् ।

तर कतारमा भइरहेको फिफा विश्वकप फुटबल अन्तर्गत सोमबार इंग्लयाण्ड विरुद्धको खेलमा भने इरानका खेलाडीले राष्ट्रिय गान गाएनन् । आखिर विश्वकप जस्तो ठूलो मञ्चमा पनि किन गाएनन् इरानी खेलाडीले राष्ट्रिय गान ?

खालिफा अन्तर्राष्ट्रिय मैदानमा इरानका खेलाडीले आफ्नो देशमा भइरहेको सरकारविरोधी प्रदर्शनकारीको समर्थनमा राष्ट्रिय गान नगाएका हुन् । खलिफा इन्टरनेशनल स्टेडियममा इरानको राष्ट्रिय गान बज्दा खेलाडीहरू मौन थिए, तर स्ट्यान्डमा जम्मा भएका इरानी फ्यानहरूले संगीत बजाउँदा चिच्याए । कतिपयले थम्प डाउन इशारा गरेको देखियो । खेलाडीको अनुहारमा कुनै भाव थिएन ।

गत सेप्टेम्बर १६ मा प्रहरी हिरासतमा २२ वर्षीया महसा अमिनीको मृत्यु भएपछि दुई महिनादेखि चलेको राष्ट्रव्यापी विरोधका कारण इरान हल्लिएको छ । कुर्द मूलकी २२ वर्षीया इरानी अमिनीको तेहरानमा गिरफ्तार भएको तीन दिनपछि मृत्यु भएको थियो । इरानमा महिलाहरूको लागि ड्रेस कोडको उल्लंघन गरेको आरोपमा उनलाई पक्राउ गरिएको थियो । प्रहरीको हिरासतमा एउटी युवतीको मृत्यु भएपछि इरानमा दुई महिना भन्दा बढीको विरोध प्रदर्शन सन् १९७९ को इस्लामिक क्रान्तिपछि इरानका धर्मगुरुहरूका लागि सबैभन्दा ठूलो चुनौती बनेको छ ।

ओस्लोस्थित इरान मानव अधिकार समूहका अनुसार अमिनीको मृत्युपछिको क्र्याकडाउनले झण्डै ४०० जनाको ज्यान लिइसकेको छ ।

केही इरानी खेलाडीहरूले प्रदर्शनकारीहरूको समर्थनमा राष्ट्रिय गान नगाउने वा आफ्नो विजयको उत्सव नमनाउने निर्णय गरेका थिए । इंग्ल्याण्ड विरुद्धको खेलअघि इरानका अलिरेजा जहानबख्शले इरानमा शासनलाई हल्लाएको प्रदर्शनको लागि ऐक्यबद्धता जनाउन राष्ट्रिय गान गाउन अस्वीकार गर्ने वा नगर्ने भनेर टोलीले सँगै निर्णय गर्ने बताएका थिए । दोहाको खलिफा इन्टरनेशनल स्टेडियमको वरिपरि राष्ट्रिय गान बज्दा इरानी खेलाडीहरू भने अव्यवस्थित र उग्र अनुहारमा उभिए ।

इङ्लिस क्लब ब्राइटनबाट खेल्ने जहानबख्शले गत हप्ता एक बेलायती पत्रकारले राष्ट्रिय गानको विषयमा गरेको प्रश्नमा आक्रोशित बनेका थिए । 'हरेक खेलाडीको छुट्टै सेलिब्रेसन शैली हुन्छ र तपाईं राष्ट्रिय गानको बारेमा सोध्नु हुन्छ र त्यो पनि टोलीमा निर्णय गर्नुपर्ने कुरा हो, जसको बारेमा हामीले पहिले नै कुरा गरिसकेका छौं,' उनले भने । खेलको पूर्वसन्ध्यामा, ग्रीसमा खेल्दै आएका इरानका कप्तान एहसान हजसाफी इरानमा भइरहेको परिस्थितिमा विश्वकपबाट बोल्ने इरानी टोलीको पहिलो सदस्य बने, 'हामी उनीहरूसँगै छौं । र हामी उनीहरूलाई समर्थन गर्छौं । र हामी उनीहरूसँग सहानुभूति राख्छौं ।'




**धमाधम मतगणना** : मकवानपुरको दुई वटा प्रतिनिधिसभा र चार वटा प्रदेशसभा निर्वाचन क्षेत्रको मतगणना सदरमुकाम हेटौंडामा एकैपटक भइरहेको छ । हेटौंडा उपमहानगरपालिका-२, स्थित सिद्धार्थ माध्यामिक विद्यालयमा सोमबार दिउसदेखि मतगणना भइरहेको हो । करिब पाँच दिनसम्म मतगणना जारी रहने जनाइएको छ । सिदार्थ माविको दुई वटा भवनमा प्रतिनिधिसभा क्षेत्र नम्बर १ र क्षेत्र नम्बर २ को मतगणना भइरहेको हो । सोमबार १ नम्बर क्षेत्रको पूर्वी क्षेत्रबाट र २ नम्बर क्षेत्रको मनहरीबाट मतगणना सुरु गरिएको थियो । बागमती गाउँपालिका वडा नम्ब ४ झुरझुरेको मतदान केन्द्र १ को (ख) को मतपेटिकाको सिल खोलेर मत गणना सुरु गरिएको थियो । बिहान साढे आठ बजे सर्वदलिय बैठक बसेर मतगणना गर्ने निर्णय गरिएको थियो । जिल्लामा ५९ प्रतिशत मत खसेको थियो । मकवानपुर जिल्लाबाट ३ लाख ७ सय ३३ जना मतदाता रहेका थिए । जसमध्ये एक लाख ७८ हजार जनाले मतदान गरेका थिए ।

# मनाइयो बालाचतुर्दशी

साझाकुरा संवाददाता

हेटौंडा, ५ मंसिर/ मकवानपुरमा सोमबार बालाचतुर्दशी मनाइएको छ । बालाचतुर्दशीका दिन धार्मिक स्थलहरुमा पितृका नाममा बत्ती बाल्ने गरिँदै आएको छ ।

मकवानपुरगढी गाउँपालिका-५, धादिङस्थित मन्दिरमा स्थानीय नवजागृत युवा क्लबले बालाचतुर्दशीको मनाएको थियो । त्रयोदशीको बिहानदेखि भेला भएका भक्तजनले बेलुकी विधिपूर्वक पितृका नाममा बत्ती बाल्ने गर्दछन् । त्रयोदशीको बेलुकीदेखि दिवंगत पितृका नाममा अखण्ड महादीपदान गरी बसेका भक्तजनले चतुर्दशीको बिहान पितृको सद्गतिको कामना गर्दै सतबीज छर्ने गरेका छन् । सोमबार रातभर दीपदान गरी बसेका भक्तजनले मंगलबार बिहानै पितृको चिर शान्तिको कामना गर्दै धान, जौ, तिल, गहुँ चना, मकै, कागुनो मिसाएर वरपर छर्ने गर्दछन् ।

पशुपति सहित एक सय आठ शिवलिङ, कैलाश, सूर्यघाट, गौरीघाट, आर्यघाट, गुफयेश्वरी, पशुपति, मृगस्थली, विश्वरूप र किरातेश्वर आदी ठाउँमा सतबीज छर्ने गरिन्छ । सतबिज छर्दै मृगस्थलीमा रहेका बहिरा गणेश नजिक आइपुगेपछि उक्त गणेशको शिलालाई हल्लाउँदै ठूलो स्वरले दिवंगत आत्माले पाउने गरी सन्देश पुऱ्याउन अनुरोध गरिन्छ । प्रत्येक वर्ष मार्गशीर्ष कृष्ण चतुर्दशीका दिन बालाचतुर्दशी पर्व मनाउन देशका विभिन्न स्थानबाट भक्तजन पशुपतिनाथमा आउँछन् । यसरी आएका श्रद्धालु भक्तजनको मार्गशीर्ष कृष्ण त्रयोदशीको बिहानैदेखि पशुपति क्षेत्रमा भीड लाग्ने गरेको हो ।

# हेटौंडा कपडा उद्योग: बजेटमा परेपनि सञ्चालनमा छैन चाँसो

साझाकुरा संवाददाता

हेटौंडा, ५ मंसिर/नेपाल सरकारको आगामी आर्थिक वर्ष २०७९/०८० को बजेटमा परेको भएपनि हेटौंडा कपडा उद्योग सञ्चालनको लागि चाँसोमा भने परेको छैन ।

क्यौं पटक सरकारको बजेटमा परेर पनि सञ्चालनमा आउन नसकेको उद्योग पुन: बजेटमा परेको भएपनि सञ्चालनको लागि भने चाँसोमा नपरेको हो । बागमती प्रदेशका मुख्यमन्त्री, मन्त्रीदेखि संघीय सरकारका मन्त्रीले पनि कपडा उद्योग सञ्चालनमा ल्याउने घोषणा गर्ने गरेका छन् ।

धेरैपटक ती मन्त्रीले उद्योग अवलोकन पनि गरेका छन्। तर, अहिलेसम्म उद्योगलाई सञ्चालनमा ल्याउन भने सकेका छैनन् । कुनै समय नेपाली कपडा उद्योगमा एकछत्र राज गरेको हेटौंडा कपडा उद्योग राजनीतिक खिचातानीले गर्दा पूर्णरूपमा बन्द हुन पुग्यो । चीनको सहयोगमा २०३२ सालमा निर्माण सुरु भएको उद्योग २०३५ सालबाट सञ्चालनमा आएको थियो ।

सुरुमा एक सिृटमा मात्रै सञ्चालन भएको उद्योग विस्तार हुँदै जाने क्रममा २०३८ सालबाट दुई सिफ्ट र २०३९ सालबाट तीन सिृटमा सञ्चालन हुन थालेको थियो। तीन सिृटमा पूर्ण सञ्चालनमा आएको उद्योगले वार्षिक ११० लाख मिटर कोरा, २५० मेट्रिक टन सुती र सोही परिमाणमा बुट्टेदार र सेता



कपडा उत्पादन गर्थ्यो। नेपाललाई कपडा उत्पादनमा पूर्ण आत्मनिर्भर बनाउने लयमा दौडिरहेको उद्योग विस्तारै राजनीतिक हस्तक्षेप बढ्दै जाँदा बन्द नै हुन पुग्यो। राजनीतिक पहुँचको आधारमा आवश्यकताभन्दा बढी कर्मचारी भर्ती गर्नु, कर्मचारीका रूपमा कार्यकर्ता भर्ती गर्नु र भर्ती भएका कार्यकर्ता काम छोडेर राजनीतिक आन्दोलनमा होमिनुले उद्योग बन्द भएको हो ।

स्थापनाको १९ वर्षसम्म घाटामा नगएको उद्योग २०५४ सालबाट भएको कर्मचारी आन्दोलन, राजनीतिक आस्थाका आधारमा व्यवस्थापक नियुक्ति र हस्तक्षेपले उग्ररूप लिन थालेपछि उद्योगमा आर्थिक समस्या सुरु हुन थाल्यो। चालू पुँजी जुटाउन बैंकबाट ऋण लिनुपर्ने स्थिति आयो, जसले गर्दा उद्योग घाटामा गयो ।

३ वर्षसम्म उद्योग घाटामा भए पनि चल्यो। निरन्तर घाटामा गएर उद्योग चल्नै नसक्ने अवस्था आएपछि २०५७ साल माघ १८ गते नेपाल सरकारको मन्त्रिपरिषद् निर्णयले कामदार र कर्मचारीलाई सामूहिक अवकाश दिई उद्योग बन्दको घोषणा गऱ्यो।

राजनीतिक खिचातानीले गर्दा २२ वर्षअघि बन्द भएको सरकारी स्वामित्वमा रहेको हेटौंडा कपडा उद्योगको अवस्था दयनीय छ। उद्योगको भवनमा लेउ र झार पलाएर भवन जीर्ण बनेको छ । पानी चुहिने जीर्ण भवनका केही भागमा सशस्त्र प्रहरी बल बसिरहेको छ ।

दुई दशकदेखि बन्द रहेको उद्योगमा रहेका मेसिनहरुमा खिया लागेका छन् । जालो, लेउ र खियाले मेसिनहरुलाई पनि जीर्ण देखाएको छ । २२ वर्षअघि हालिएको कपडा बुन्ने धागो र कपडा अझैपनि उद्योगमा देख्न सकिन्छ । कपडा बुन्न ल्याइएका धागो र अन्य सामानहरु उद्योगभित्र बोरामा नै कुहिरहेको देखिन्छ । आकाशको पानी छानोबाट चुहिएर उद्योगका मेसिनमा परेका छन्। वर्षौंदेखि बन्द उद्योगमा बिजुली पनि छैन । उद्योगभित्र चलचित्रमा देखाइने भुत्याहा घरजस्तै दृश्य देखिन्छ। भयानक अन्धकार उद्योगभित्र लथालिङ्ग अवस्थामा रहेका मेसिन र कपडा बुन्ने धागोसहितका सामानहरु पुन: प्रयोगमा आउन सक्ने अवस्थामा देखिँदैन ।

सरकारले हेटौंडा कपडा उद्योगलाई पुन: सञ्चालनमा ल्याउन मेसिन मात्रै होइन भवन पनि मर्मत गर्नुपर्ने हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका व्यवस्थापक भोजराज विडारी बताउँछन् । उनका अनुसार उद्योगभित्र रहेका अधिकांश मेसिनहरु पुन: प्रयोगमा ल्याउन सक्ने अवस्थामा पनि छैनन् । केही मेसिनहरु पुन: प्रयोगमा ल्याउन सक्ने भएपनि त्यसको मर्मत गर्न चीनबाट विज्ञ टोली बोलाउनुपर्छ । पुराना मेसिनले अहिलेको बजारमा प्रतिष्पर्धा पनि गर्न नसक्ने उनी बताउँछन् ।

उद्योगलाई पुन:सञ्चालन गर्ने विषयमा सरकारले बजेटमा उल्लेख गरेको भएपनि हालसम्म कुनै प्रयास नभएको विडारीको भनाई छ । 'बजेटमा राखेको भएपनि अहिलेसम्म हेटौंडा कपडा उद्योगलाई सञ्चालन गर्ने विषयमा हामिसँग कुनैपनि कुरा भएको छैन । केहि प्रयास भएको बारेमा हामिलाई जानकारी पनि छैन',उनले भने ।

# शहीद स्मारकमा वर्ल्डकप पार्क उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, ५ मंसिर/ हेटौंडा-११ स्थित शहीद स्मारकमा वर्ल्डकप पार्क उद्घाटन गरिएको छ ।

पार्कको राष्ट्रिय फुटबल खेलाडी रञ्जन विष्टले रिबन काटेर उद्घाटन गरेका हुन् । तुल्सी मेहर स्कुलको आयोजना तथा फोटोग्राफर आदर्श पराजुलीको संयोजकत्वमा वर्ल्डकप पार्कको उद्घाटन गरिएको छ । कार्यक्रममा आयोजक तुल्सी मेहर स्कुलका प्राध्यापक किशन बास्तोलाले पर्यटन विकासको लागि फुटबल निकै महत्वपुर्ण रहेको बताए ।



हाल विश्वले मनाउने साझा फुटबल पर्व भएकोले फुटबल प्रेमीहरुले पार्क निर्माण गरेको उनको भनाई छ । त्यस्तै बास्तोलाले नेपालको पर्यटन विकासको लागि कतारमा भइरहेको विश्वकप खेल्ने सम्पुर्ण ३२ राष्ट्रको खेलाडीहरु, खेलप्रेमी, पर्यटकहरुको ध्यानाकर्षण पार्कमा गराउन सकियो भने आर्थिक विकासमा सहयोग पुग्ने धारणा राखे ।

पार्कको प्रचारप्रसार आवश्यक रहेको उनले बताए । कार्यक्रममा सहिद स्मारक व्यवस्थापन समितिको अध्यक्ष राम चन्द्र न्यौपाने, भुटनदेवी फुटबल टिमका अध्यक्ष राजु विष्ट, स्कुलका शिक्षक, कर्मचारी र फुटबल प्रेमीहरुको उपस्थिति रहेको थियो ।

विश्वकप फुटबल :

# इरानविरुद्ध इंग्ल्याण्डको आधा दर्जन गोल

हेटौंडा, ५ मंसिर/ कतारमा जारी विश्वकपको पहिलो खेलमा इंग्ल्याण्डले इरानलाई ६-२ ले पराजित गरेको छ ।

खालिफा अन्तर्राष्ट्रिय स्टेडियममा सोमबार भएको खेलमा बुकाया साकाको दुई गोल मद्दतमा इंग्ल्याण्डले पहिलो खेलमा शानदार जितसहित समूह बी मा ३ अंक जोडेको छ ।

इंग्ल्याण्डलाई जिताउन साकाले ६३औं र ६२औं मिनेटमा गोल गरे । त्यसअघि जुड बेलिङघहमले ३५औं मिनेटमा गोल गर्दै इंग्ल्याण्डलाई अग्रता दिलाएका थिए । पहिलो हाफको इन्जुरी टाइममा रहिम स्टरलिङले गोल गरे ।

वैकल्पिक खेलाडीको रुपमा मैदान प्रवेश गरेका मार्कुस रासफोर्ड र ज्याक ग्रेलिसले दोस्रो हाफमा गोल थपे । रासफोर्डले ७१औं र ग्रेलिसले ९०औं मिनेटमा गोल गरे । कप्तान ह्यारी केनले दुई गोलका लागि सहयोग गरे । सन् २००६ को विश्वकपमा डेविड बेकहमले ट्रिडिनाड एण्ड टोबागो विरुद्ध दुई गोलको लागि असिस्ट गरेका थिए ।

इरानका लागि मेहदी तारेमीले दुई गोल गरे । तारेमीले ६५औं मिनेटमा पहिलो गोल गरेका थिए भने खेलको इन्जुरी टाइममा प्राप्त पेनाल्टीमा दोस्रो गोल गरे ।

खेलको १० मिनेटमै इरानका गोलकिपर एलिरेजा बेइरानभान्ड आफ्नै खेलाडीसँग



ठोक्किएपछि घाइते हुँदै मैदान बाहिरिएका थिए ।

पहिलो खेलमै शानदार जितपछि इंग्ल्याण्डले कतार विश्वकपको लागि आफ्नो दाबेदारी समेत पेश गरेको छ । इंग्ल्याण्डले दोस्रो खेल अमेरिका र तेस्रो खेल वेल्ससँग खेल्नेछ ।

**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

# फेसबुकमा आएका मतपरिणाम पत्याउनै मुस्किल

साझाकुरा संवाददाता

हेटौंडा, ५ मंसिर/ मकवानपुरको २ वटा प्रतिनिधिसभा क्षेत्र र ४ वटा प्रदेशसभा क्षेत्रको मतगणना जारी रहँदा मतपरिणामको सूचना भने मनलाग्दी ढंगबाट बाहिर आइरहेको छ ।

हेटौंडा-२, स्थित सिदार्थ माविमा भइरहेको मतगणनामा उम्मेदवारका प्रतिनिधिहरुले हातहातमा मोबाइल बोकेर आफ्नो सामाजिक सञ्जालमा हतारले मतपरिणाम पोष्ट गर्दा पाठकहरु अलमलमा परेका छन् । सामाजिक सञ्जालमा फरक-फरक खालका मतपरिणाम आइरहँदा पाठकहरु अन्यौलमा परेका हुन् । सोमबार भरीको मतपरिणामका कारण अन्यौलमा परेको भूमिनन्द गौतमले बताए । 'मैले मतपरिणामहरु हेर्न पर्‍यो भनेर फेसबुक चलाइरहेको हुन्छु । तर, उम्मेदवारका प्रतिनिधिहरुले नै फरक-फरक नतिजा पोष्ट गर्दा पत्याउनै गाह्रो पर्‍यो,' गौतमले भने ।

मतगणना स्थलमा बसेका उम्मेदवारका प्रतिनिधिहरु आफैं मत जोड्ने र पहिला सामाजिक सञ्जालबाट पोष्ट गरि हाल्ने परिपाटीले जिल्लामा सूचनाको आतंक मच्चिएको छ ।

आफूले जोडेको मत परिणामलाई जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयको टोलीले जोडेको मतसँग पुष्टी नगराई प्रतिनिधिहरु सामाजिक सञ्जालमा मत परिणामको सूचना पोष्ट गरिरहेका हुन् । प्रतिनिधिहरुले यसो गरिरहँदा आधिकारिक सूचनाको पर्खाइमा रहेका पत्रकारहरुको सूचनामै शंका उत्पन्न हुने क्रियाकलाप भएकोप्रति पत्रकार धमेन्द्र दहालले आपत्ति जनाए ।

उनले मतगणनास्थलमा रहेका सबै प्रतिनिधिहरुको मोबाइला वा अन्य इलेक्ट्रोनिक्स डिबाइस नियन्त्रणमा लिएर सूचनामा एकरुपता ल्याउन अनुरोध गरेका छन् । मतगणना स्थलको मुख्य गेटमा सुरक्षा निकायहरुले सञ्चारकर्मीबाहेक अन्यलाई मोबाइल वा अन्य इलेक्ट्रोनिक्स डिबाइस लैजान दिएको छैन् । तर, उनीहरुले अनेकौं उपाय लगाएर मोबाइल भित्रै झिकाएको पाइएको छ । दलका प्रतिनिधिहरुलाई मतगणनामा सहयोग पुऱ्याउनुका साट्टो सामाजिक सञ्जालमा मत परिणाम अरु भन्दा चाँडो पोष्ट गरेर वाहीवाही कमाउने हुटहुटी चलेको पाइएको छ ।




**थप सुविधाका साथ हाम्रा सेवाहरु**

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्धारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सन्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्धारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**

हेटौंडा-१ स्वर्गद्धारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना